स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जीवन सिंहको लेखन तथा निर्देशनमा बनेको एक्सन-लभस्टोरी फिल्म "हन्टर" इन्द्राजात्राको अवसर पारेर असोज ९ गतेबाट प्रदर्शनमा आउने भएको छ। शुक्रबार निर्माताले एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएका हुन्। अब यो फिल्मको बक्स अफिसमा धीरज मगर र मिरुना मगर अभिनीत फिल्म "कुस्ती"सँग भिडन्त हुनेछ। फिल्मको सार्वजनिक पोस्टरमा मुख्य पात्रहरू अरुण क्षेत्री र प्रकाश शाहलाई आमनेसामने देखाइएको छ।

आजको विचार...



दुईदिने... (दुई पेजमा)

विदुर कटुवाल

अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको चलचित्र "कार्की साइँला" को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माण पक्षले बुधबार चलचित्रको एक आधिकारिक पोस्टर सार्वजनिक गर्दै फिल्म आगामी असोज २ गते प्रदर्शन हुने जानकारी दिएको हो। यसअघि साउन १ गतेबाट प्रदर्शनमा आउने बताइएको चलचित्र सरेर असोजमा पुगेको हो। सार्वजनिक चलचित्रको नयाँ पोस्टरमा अभिनेता जितु नेपाल र अभिनेत्री प्रियना आचार्य (मुन्नी)लाई रोमान्टिक अन्दाजमा प्रस्तुत गरिएको छ।



❐ वर्ष ३१ ❐ अंक ३२९ ❐ २०८३ असार १३ गते शनिबार 27 June 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भेनेजुएलामा भूकम्प २३५ को मृत्यु

(रासस/एएफपी)

**(भेनेजुएला)**, असार १२/उत्तरी भेनेजुएलामा बुधबार राति एक मिनेटभन्दा कम समयको अन्तरमा आएका दुई शक्तिशाली भूकम्पले व्यापक जनधनको क्षति पुऱ्याएको छ । कम्तीमा २३५ जनाको मृत्यु भएको छ भने करिब चार हजार ३०० जना घाइते भएका छन् । भग्नावशेषमुनि अझै पनि धेरै मानिस फसेको आशङ्का गरिएकाले उद्धार कार्य तीव्र पारिएको छ । संयुक्त राज्य अमेरिकाको भूगर्भीय सर्वेक्षणका अनुसार ७.२ र ७.५ म्याग्निच्युडका दुई भूकम्पले उत्तरी भेनेजुएलाका भवनहरू भत्किएका, चर्किएका र ढलेका छन् । बिहीबारसम्म पनि शक्तिशाली परकम्पहरू महसुस भइरहेका छन् । स्वास्थ्यमन्त्री कार्लोस अल्भाराडोले मृतकको सङ्ख्या २३५ पुगेको जानकारी दिएका छन् । घाइतेहरूको सङ्ख्या निरन्तर बढिरहेको र केहीको अवस्था गम्भीर रहेको बताइएको छ । सबैभन्दा बढी प्रभावित ला गुआइरा राज्यका विभिन्न क्षेत्रमा उद्धारकर्मी र स्थानीय बासिन्दाहरू भग्नावशेष हटाएर जीवित मानिसको खोजीमा जुटेका छन् । धेरै स्थानमा पर्याप्त उपकरण र दक्ष जनशक्तिको अभाव देखिएको छ । काराकासको उत्तरस्थित एक बस्तीमा एक युवती घण्टौँसम्म उद्धारको प्रतीक्षा गर्दै सहयोगका लागि चिच्याइरहेकी थिइन् ।

# लागुऔषधको दलदलमा युवा समूह

*लागु औषधको कारोबारमा यस बाहेर औषधीजन्य लागुऔषधको कारोबार र ओसारपसारका क्रममा प्रहरीले बरामद गरेको परिणामको तथ्याङ्कले डरलाग्दो अवस्था देखाएको छ ।*

**भरत केसी/रासस**

**लुम्बिनी,** असार १२/लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगन्ज र इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले गत मंगलबार राति करिब १० बजेको समयमा बाँकेको कोहलपुर-१ कौशिलानगरस्थित सार्वजनिक प्रतीक्षालयमा बसेका दुई व्यक्तिसँग आवश्यक सोधपुछ र खानतलासी गऱ्यो । त्यस क्रममा उनीहरुसाग रहेको रातो प्लाष्टिकभित्र लुकाइछिपाई राखेको एक किलो २०० ग्राम अफिम बरामद भयो ।

प्रहरीले तत्कालै वैजनाथ गाउँपालिका-३ नौवस्ताका २९ वर्षीय विशाल थापा मगर र कोहलपुर नगरपालिका-१ कौशिलानगरका ४८ वर्षीय गगनबहादुर परियार नाम गरेका ती व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाएको छ । रुपन्देहीको सैनामैना नगरपालिका-११ बनकट्टीमा बुटवलदेखि दाङतर्फ जाँदै गरेको लु १ ज ४९३६ नं.को इभी गाडीलाई प्रहरीले रोकेर चेकजाँच गर्दा त्यसमा सवार दाङ घोराही उप-महानगरपालिका-१४ बस्ने वर्ष २८ को




रविन बुढाको झोलाबाट ठूलो परिमाणमा औषधजन्य लागुऔषध बरामद भयो । प्रहरीले बुढा र गाडीसहित चालकलाई नियन्त्रणमा लिई सो सम्बन्धमा अनुसन्धान गरिरहेको छ । रुपन्देही प्रहरीले गत वैशाखमा जिल्लाका मुख्य राजमार्ग तथा भित्री सडकमा गुड्ने सार्वजनिक सवारीका एक सय चालकको परीक्षण अभियान सञ्चालन गऱ्यो । उनीहरु लाई पिसाव परीक्षण गर्दा १७ जना चालकमा लागुऔषध सेवन गरेको पाइएकाले नियन्त्रणमा लिई लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ । प्रहरीको लागुऔषध ओसारपसार, बिक्रीवितरण र सेवन नियन्त्रणका लागि चालिएका यस खालका अभियानका क्रममा फेला परेका व्यक्ति र समूहको अवस्था हेर्दा यस क्षेत्रमा लागुऔषधका घटनाको अवस्था निकै भयावह देखिन्छ । लुम्बिनी प्रदेशका छ वटा तराईका जिल्ला र छ वटा हिमाली तथा पहाडी जिल्लामा हुने लागुऔषधका घटनामा नेपाल-भारत सीमा नै मुख्य समस्या रहेको प्रहरी अधिकारीहरुको बुझाइ रहेको छ । रुपन्देही जिल्ला प्रहरीको गत वैशाखको तथ्याङ्क मात्र हेर्दा पनि विभिन्न खाले लागुऔषधको सेवन, ओसारपसार र बिक्रीवितरणको अभियोगमा १९ जनालाई नियन्त्रणमा लिई मुद्दा चलाइएको छ । प्रहरीले गत महिनामा मात्र लागुऔषधको विभिन्न १२ वटा मुद्दा दर्ता गरेको जनाएको छ । प्रहरीले उनीहरुबाट गाँजा तीन किलो ९८ ग्राम, ब्राउन सुगर नौ ग्राम ९० मिलिग्राम, डाइजेपाम-१०९ एम्पुल, फेनारगन-११३ एम्पुल, बुफिनुर्फिन-९७ एम्पुल, स्पास्मो-२२५ ट्याब्लेट, प्रोमिथाइजिन-६ एम्पुल, अन्य एम्पुल-२३ र अन्य ट्याब्लेट-१४७ बरामद गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरिक्षक जनकबहादुर शाहीले भारतसँग सीमा जोडिएका जिल्लामा लागुऔषध कारोबारीलाई सहज भएको बताए । लुम्बिनी प्रदेशका १२ जिल्लाबाट गत वर्षको अवधिमा ७४८ लागुऔषधसम्बन्धी घटनामा मुद्दा दर्ता भएको नेपाल प्रहरीले जनाएको छ । प्रदेशका १२ जिल्लामध्ये पहाडी जिल्लाभन्दा तराईका जिल्लामा लागुऔषधको कारोवार तथा ओसारपसार बढी हुने गरेको गतवर्ष २०८२ वैशाखदेखि चैत्रसम्मको लुम्बिनी प्रदेश कार्यालय दाङको तथ्याङ्कमा देखिएको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको २०८२ वैशाखदेखि चैत्रसम्मको तथ्याङ्कअनुसार बाँके, बर्दिया र रुपन्देही अत्याधिक जोखिमको रुपमा देखिएका छन् । प्रदेशका १२ जिल्लामा भएका लागुऔषधका समग्र घटनामध्ये झण्डै ७० प्रतिशत घटना नेपाल-भारत सीमा क्षेत्रमा रहेका यी जिल्लामा भएको देखिन्छ । तीन जिल्लामध्ये सबैभन्दा बढी बाँके जिल्लाका २१७ घटनामा ३२२ जना व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये २९५ जना पुरुष, १८ जना महिला रहेका छन् । यीमध्ये आठ जना भारतीय पुरुष र एक महिला रहेका छन् । यस्तै बर्दिया जिल्लाको १६६ लागुऔषधका घटनामा २४४ जना पक्राउ परेका छन् । यसमध्ये २२९ जना स्वदेशी पुरुष, तीन महिला, ११ भारतीय पुरुष र एक महिला रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ । लागुऔषधका घटनामा प्रदेशका १२ जिल्लामध्ये तेस्रो स्थानमा रहेको रुपन्देहीमा गत वर्षको अवधिमा १३७ घटनाको कानूनी प्रक्रिया अगाडि बढाइएको छ । यी घटनामा २३४ जनालाई प्रहरीले नियन्त्रण लिएर मुद्दा चलाएको जनाएको छ । यीमध्ये २०८ पुरुष, चार महिला र २२ भारतीय नागरिक रहेका छन् । यसर्थ्रै तराईका तीन जिल्ला दाङ, कपिलबस्तु र पश्चिम नवलपरासीमा गरी २०१ लागुऔषधका घटनामा ३१४ जना पक्राउ परेरको प्रहरीको तथ्याङ्क छ । यीमध्ये २१ भारतीय नागरिक रहेका छन् । प्रदेशका पहाडी जिल्ला रुकुमपूर्व, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी र पाल्पामा गरी जम्मा जम्मा १७ वटा घटनामा २८ जना पक्राउ परी आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

-बाँकी अन्तिम पेजमा...

## आज शनि प्रदोष व्रत देशभर श्रद्धापूर्वक मनाइँदै





**पाल्पा,** असार १२ /आज शनि प्रदोष व्रत देशभर श्रद्धापूर्वक मनाइँदै छ । हिन्दू धर्मावलम्बीहरूले भगवान शिवको विशेष पूजा-आराधना गरी श्रद्धा र भक्तिपूर्वक मनाउँदै छन् ।

प्रत्येक पक्षको त्रयोदशी तिथिमा पर्ने प्रदोष व्रतमध्ये शनिबार परेको प्रदोषलाई शनि प्रदोष भनिन्छ, जसलाई अत्यन्त शुभ र फलदायी मानिन्छ । धार्मिक मान्यताअनुसार प्रदोषकालमा भगवान शिव र माता पार्वतीको पूजा, अभिषेक, दीप प्रज्वलन तथा व्रत बस्दा मनोकामना पूरा हुने, पाप क्षय हुने र जीवनमा सुख-शान्ति तथा समृद्धि प्राप्त हुने विश्वास छ । साथै शनिदेवको अशुभ प्रभाव कम हुने जनविश्वास पनि रहेको छ । आज बिहानैदेखि देशभरका शिवालयमा भक्तजनको घुइँचो लाग्ने गर्दछ । भक्तजनहरूले जल, दूध, बेलपत्र, धतुरो, अक्षता र फूल अर्पण गर्दै शिवको आराधना गर्ने गर्दछन् ।साँझ प्रदोषकालमा विशेष पूजा, आरती र भजन-कीर्तनका कार्यक्रम आयोजना गरिने धार्मिक परम्परा रहेको छ । धर्मशास्त्रमा प्रदोष व्रतलाई आत्मसंयम, भक्ति र सदाचारसँग जोडिएको व्रतका रूपमा वर्णन गरिएको छ । व्रतालुहरूले दिनभर उपवास बसी साँझ शिवपूजापछि प्रसाद ग्रहण गर्ने चलन छ । धर्मविद्हरूका अनुसार श्रद्धा, आस्था र विधिपूर्वक गरिएको शनि प्रदोष व्रतले मानसिक शान्ति, पारिवारिक सुख, स्वास्थ्य तथा सकारात्मक ऊर्जा प्राप्त गर्न प्रेरणा दिने विश्वास रहेको छ ।

## वालिङमा जीप दुर्घटना : एकको मृत्यु, १७ घाइते

**स्याङ्जा,** असार १२/स्याङ्जाको वालिङ नगरपालिका-७ लम्बीडाँडास्थित मिर्दी-चापाकोट सडकखण्डमा शुक्रबार बोलेरो जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको भने १७ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार ताप्केबाट वालिङतर्फ आउँदै गरेको बा ७प ९०५ नम्बरको डबल क्याप बोलेरो जीप विहान सडक छेउमा पल्टिएको हो ।



दुर्घटनामा वालिङ-७ निवासी २५ वर्षीय राजेन्द्र विरकट्टाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा घाइते भएका विरकट्टाको प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा उपचारका क्रममा दिउँसो १ बजे मृत्यु भएको हो । उनको शव प्राथमिक स्वास्थ्य केन्द्र वालिङमै राखिएको छ । दुर्घटनामा जीपमा सवार १८ जनामध्ये १७ घाइते भएका छन् । घाइते हुनेहरुमा वालिङ नगरपालिका-७ की ४६ की रुपकला सारु, रुपन्देहीको गैडाहवा गाउँपालिका -४ की ५५ वर्षीया सुमित्रा गुरुङ, नवलपरासी पूर्व कावासोती नगरपालिका -५ की ४१ वर्षीया मायादेवी सुनारी, सोही ठाउँकी मायादेवी सुनारी की छोरी १२ वर्षीया कर्मिसा सुनारी, वालिङ नगरपालिका-७ की ४५ वर्षीया जैकला सारु,पोखरा महानगरपालिका ९की २० वर्षीया रुक्सना थापा, रुपन्देही देवदह नगरपालिका -५ की ४६ वर्षीया कमला थापा, स्याङ्जा बिरुवा गाउँपालिका-६ का ३९ वर्षीया टोपबहादुर थापा, वालिङ नगरपालिका ७ की ४९ की गौमाया सारु, सोही ठाउँका ५९ वर्षीय बेल बहादुर आले, सोही ठाउँका ३० वर्षीय कुमार सारु, ३८ वर्षीया ज्ञानुमाया सारु, नवलपरासी पुर्व गैडाकोट नगरपालिका -२ की २६ वर्षीय आस्मा तामाङ सारु, सोही ठाउँकी २० महिनाकी प्रिन्सा सारु, रुपन्देहीको गैडाहवा गाउँपालिका-४ की ४० वर्षीया साबित्रा मगर, १७ सोही ठाउँकी ५१ वर्षीया धन कुमारी उचाई र रुपन्देही देवदह नगरपालिका -६ की ५१ वर्षीया नन्द कुमारी राना रहेका छन् । सबै घाइतेहरुलाई थप उपचारको लागि पोखरा रिफर गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । घाइते मध्ये चारजना गम्भीर, आठ जना मध्यम र पाँच जना सामान्य रहेका छन् । चालक वालिङ-७ का २८ वर्षीय मिनबहादुर सारु सामान्य घाइते भएका छन् भने उनी प्रहरी नियन्त्रणमा छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्थानीय सरकारको बजेट

**स्थानीय सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि बजेट सार्वजनिक गरेका छन् । सवैधानिक व्यवस्थाअनुसार संघीय सरकारले जेठ १५ भित्र आउँदो आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरेपछि असार १ भित्र प्रदेश र असार १० भित्र स्थानीय तहले बजेट प्रस्तुत गर्नुपर्ने बाध्यता छ । सोही अनुरुपमा पाल्पासहित देशैभरका स्थानीय तहरुले आगामी आर्थिक वर्षका लागि बजेट ल्याएका हुन् । स्थानीय तहले अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको प्रावधानअनुसार उक्त समयभित्र बजेट पेस गरिसक्नुपर्छ । साउन १ देखि नयाँ आर्थिक वर्ष सुरु हुने हुनाले उनीहरूले बजेट अनुमोदनका लागि गाउँसभा तथा नगरसभामा छलफल गर्न पर्याप्त समय पाउँछन् । तर कतिपय स्थानीय तहले अझै बजेट सार्वजनिक गर्न सकेका छैनन् । बजेट सार्वजनिक गर्न बाँकी रहेका नगरपालिका र गाउँपालिकालाई पनि आर्थिक वर्ष सुरु गर्नुअघि बजेट प्रस्तुत गर्न स्थानीयले दबाब सिर्जना गर्नुपर्छ ।**

**बजेट जस्तो सुकै भए पनि पूर्ण कार्यान्वयन महत्वपूर्ण हो । विगतमा जस्तै बजेट ल्याउने कार्यान्वयन हुन भने नसक्ने हुनु हुँदैन । अहिले देशभरका स्थानीय तहले ल्याएको बजेट समग्रमा फड्को मार्ने प्रकृतिको नभई प्रायः पुराना कार्यक्रमलाई निरन्तरता दिएर र केही सुधारसहितका नयाँ कार्यक्रम थपेर ल्याइएको छ । बजेटले सबै क्षेत्र समेट्ने प्रयास गरे पनि योजना कार्यान्वयन प्रमुख कुरा हो । बजेटमा समेटिने तर कार्यान्वयन नहुने पुरानो रोग अब देखिनु हुँदैन । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीका क्षेत्रमा देखिने परिवर्तन नै सफल बजेटको वास्तविक मापन हो । त्यसैले बजेटलाई कागजमा सीमित नराखी समयमै, पारदर्शी, मितव्ययी र परिणाममुखी ढंगले कार्यान्वयन गर्नु आजको अपरिहार्य आवश्यकता हो । स्थानीय सरकारले उत्तरदायित्व र सुशासनलाई प्राथमिकतामा राखेर बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सके मात्र समृद्ध स्थानीय विकास र नागरिकको समुन्नत जीवनको लक्ष्य हासिल गर्न सकिन्छ ।**

### Opinion @ Social Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिँदै गएको मान्छेले धेरै कुरा सिकाउँदो रहेछ ।
*(सुमन पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दुईदिने बिदा कसका लागि ?



## विदुर कटुवाल

अभूतपूर्व जनमत पाएसँगै जनतामा आशा जगाएको रास्वपा सरकारले गरेको दुईदिने सार्वजनिक बिदाको निर्णय विस्तारै गलत सावित हुँदै गएको छ । सरकारका समर्थकहरू यसलाई सुधारको बाटो भनिरहेका छन् । तर बिदाको कार्यान्वयन पक्ष हेर्दा भने जनतालाई सास्ती दिने अपरिपक्व निर्णय हुन पुगेको छ । सुरुवाती दिनहरूमा दुईदिने बिदालाई ऐतिहासिक प्रशासनिक सुधारका रूपमा प्रस्तुत गरिएको थियो । कर्मचारीलाई पर्याप्त विश्राम मिल्ने, कार्यालयको कार्यक्षमता बढ्ने, इन्धन खर्च घट्ने, पारिवारिक जीवन सुदृढ हुने तथा समग्र राज्य सञ्चालन थप व्यवस्थित बन्ने सरकारी पक्षको दाबी थियो । त्यस्ता तर्क सुन्दा नेपाल नयाँ युगमा प्रवेश गर्दैछ भन्ने लागेको थियो । आधुनिकता र मानवीय संवेदनशीलता एकसाथ अभिव्यक्त भइरहेको भान हुन्थ्यो । स्वाभाविक रूपमा कुनै पनि सरकारी नीतिको वास्तविक परीक्षण त्यसको घोषणाबाट हुने होइन । परिणामबाट हुने हो । घोषणा भव्य हुन सक्छ तर त्यसको मूल्याङ्कन भने जनताले भोग्ने अनुभवबाट मात्रै थाहा हुन्छ । हामी आज दुईदिने बिदाले निम्त्याएको अवस्था अस्पतालको लाइनमा उभिएका बिरामीका आँखामा देख्न सक्छौं । विद्यालय बन्द भएपछि बालबालिकाका अभिभावकको चिन्तामा देख्छौं । अझ उपचारको खोजीमा जिल्ला सदरमुकामको सरकारी अस्पताल पुग्दा सेवा बन्द भएको पाइरहेको गाउँले किसानको थकित अनुहारमा देख्न पाइन्छ । आफ्ना छोराछोरी बिदाका अधिकांश दिन मोबाइलको स्क्रिनमै हराइरहेको देखेर चिन्तित अभिभावकका दुःखमा भेटिन्छ । सरकार गठन भएको अब तीन महिना पुग्न लागेको छ । दुईदिने सार्वजनिक बिदा लागू भएको पनि त्यति नै समय बितिसकेको छ । यस अवधिमा प्राप्त अनुभवका आधारमा स्पष्ट भन्न सकिन्छ- दुईदिने बिदाको नीति नेपालको सामाजिक, आर्थिक र भौगोलिक यथार्थसँग मेल खाँदैन । यो अवैज्ञानिक छ । विगतमा कायम रहेका बिदा व्यवस्थाहरू नै तुलनात्मक रूपमा बढी वैज्ञानिक र व्यावहारिक थिए । दुईदिने बिदाको नीति लागू गर्दा नागरिकको वास्तविक अवस्था, सार्वजनिक सेवाको क्षमता, स्वास्थ्य प्रणालीको कमजोरी तथा बालबालिकाको विकासमा पर्न सक्ने प्रभावबारे पर्याप्त अध्ययन र सोचविचार गरिएको देखिँदैन । परिणामस्वरूप, एउटै नीतिले एकैपटक धेरै क्षेत्रमा नकारात्मक असर पारेको छ । अब भने यो सन्दर्भ केवल बिदाको विषय मात्र सीमित रहेन । शासन प्रणालीको प्राथमिकता र नागरिकप्रतिको उत्तरदायित्वसँग जोडिएको गम्भीर बहसको विषय बनेको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकार प्रदान गरेको छ । तर अधिकार केवल कागजमा लेखेर पूरा हुँदैन, व्यवहारमा सुनिश्चित हुनुपर्छ । आज सरकारी अस्पतालहरूको अवस्था हेर्दा संविधानको भावना र नागरिकले भोग्ने यथार्थबीच गहिरो तथा पीडादायी खाडल देखिन्छ ।

शनिबार र आइतबार सरकारी अस्पतालमा नियमित ओपीडी सेवा बन्द हुँदा सोमबारदेखि शुक्रबारसम्म अत्यधिक चाप देखिन्छ । सरकारी अस्पतालहरूमा सोमबार बिहानैदेखि 'टिकट काउन्टर' अगाडि सयौँको लाइन लाग्ने गरेको छ । वृद्धवृद्धा, गर्भवती महिला, साना बालबालिका र गम्भीर रोगीहरू घण्टौं पालो कुर्न बाध्य छन् । कतिपय बिरामी पालो नै नपाएर फर्किन्छन् । उनीहरू उपचारभन्दा बढी झन्झटको सामना गरिरहेका छन् । त्यो दृश्य देख्दा प्रश्न उठ्छ-के सरकार जनताप्रति उत्तरदायी छ ? के एउटा बिरामीले बिहान चार-पाँच बजेदेखि लाइनमा उभिएर दिनभर समय बिताउनुपर्ने अवस्था सभ्य राज्यको संकेत हो ? वा यसले नागरिकप्रति सरकारको जिम्मेवारीबोध कति कमजोर छ भन्ने देखाउँछ ? दुईदिने बिदाको निर्णय गर्दै गर्दा सरकारले एउटा आधारभूत प्रश्न सोध्नुपर्ने थियो । नेपालको स्वास्थ्य प्रणालीको वास्तविक अवस्था के छ ? जनसंख्याको अनुपातमा चिकित्सकको उपलब्धता कति छ ? ग्रामीण क्षेत्रमा विशेषज्ञ चिकित्सकको पहुँच कस्तो छ ? सरकारी अस्पतालमा जनशक्ति र उपकरणको अवस्था कस्तो छ ? सरकारी अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारीको प्रवृत्ति कस्तो छ ? यस्ता प्रश्नहरूको उत्तर खोजिएन । त्यस्ता सवालमा कुनै पनि अध्ययन नै भएन । सरकारी अस्पतालका विगतमा भएका हजारौँ समस्या आज पनि ज्युँका त्युँ छन् । ती समस्या समाधान गर्न सरकारले कुनै कदम चालेन । यस्तो अवस्थामा सेवा दिने दिन घटाएर नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिँदैन । अझ गम्भीर कुरा त के छ भने, यो नीतिले स्वास्थ्य क्षेत्रमा कस्तो प्रभाव पारिरहेको छ भन्ने कुनै वैज्ञानिक सार्वजनिक मूल्याङ्कन भएको छैन । सरकारी अस्पतालहरू उपचारका केन्द्र बने कि बिरामी निजी अस्पतालतर्फ धकेलिँदै छन् ? सरकारी अस्पताल बन्द हुँदा निजी अस्पतालमा उपचार गराउन नसक्ने बिरामीको अवस्था के भयो ? यी प्रश्नहरूको उत्तर कसैले खोजेको देखिँदैन । नेपालको स्वास्थ्य प्रणाली अझै अत्यधिक रूपमा केन्द्रीकृत छ । बिरामीका लागि त्यो यात्रा शारीरिक, मानसिक र आर्थिक तीनै दृष्टिले पीडादायी हुन्छ । उपचार खोज्दै हिँडेको बिरामी झन् बिरामी बन्नुपर्ने अवस्था छ । त्यसमाथि सरकारी अस्पतालकै चिकित्सकहरूले बिरामीलाई निजी अस्पतालतर्फ पठाउने र कमिसन लिने पुरानो प्रवृत्ति अझै अन्त्य भएको छैन ।

**शिक्षा क्षेत्र :** यता शिक्षा क्षेत्रको समस्या पनि गम्भीर बन्दै गएको छ । दुईदिने बिदाको अर्को दीर्घकालीन असर शिक्षा क्षेत्रमा देखिन थालेको छ । विद्यालय बन्द हुँदा बालबालिकाले सिर्जनात्मक गतिविधि, खेलकुद, पुस्तक अध्ययन वा परिवारसँग गुणस्तरीय समय बिताउनुपर्ने हो । तर नेपालको सामाजिक यथार्थ यसको ठीक विपरीत भइरहेको छ । पहिले आइतबारदेखि शुक्रबारसम्म विद्यालय सञ्चालन भएर शनिबार मात्र बिदा हुने व्यवस्था थियो । त्यो एकदिने बिदा तुलनात्मक रूपमा वैज्ञानिक देखिन्थ्यो । अहिले शनिबारसँगै आइतबार पनि बिदा हुँदा धेरै बालबालिकाको समय टिकटक, युट्युब, फेसबुक, इन्स्टाग्राम र अनलाइन गेममा बित्न थालेको छ । प्रविधि समस्या होइन । समस्या यसको अनियन्त्रित र उद्देश्यहीन प्रयोग हो । डिजिटल प्रविधि आधुनिक शिक्षाको महत्त्वपूर्ण माध्यम हो । तर अध्ययनका लागि प्रयोग हुनुपर्ने उपकरण मनोरञ्जन र लतको साधन बन्दै गएको छ । सरकारले बिदाका दिनमा बालबालिकाका लागि वैकल्पिक सिर्जनात्मक अवसरहरू विकास गर्नुपर्थ्यो । सामुदायिक खेलकुद कार्यक्रम, पुस्तकालय पहुँच, सिकाइसम्बन्धी गतिविधि र सामाजिक सहभागिताका कार्यक्रम सञ्चालन गरिनुपर्थ्यो । तर यथार्थ त्यस्तो छैन । विद्यार्थीको ध्यान केन्द्रित गर्ने क्षमता घट्दै गएको गुनासो आउन थालेको छ । छोटा भिडियोको संस्कृतिले धैर्यपूर्वक अध्ययन गर्ने बानी कमजोर बनाइरहेको छ । जटिल विषयमाथि सोच्ने, विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने क्षमता खस्किँदै गएको छ । यो केवल आजको समस्या होइन, भविष्यको नेपालको बौद्धिक क्षमतामाथिको चुनौती हो । आजको पुस्ता इतिहासकै सबैभन्दा बढी डिजिटल सामग्रीसँग जोडिएको पुस्ता हो । यसमा अवसर र खतरा दुवै छ । सामाजिक सञ्जाल कम्पनीहरूको उद्देश्य शिक्षा होइन, प्रयोगकर्तालाई सकेसम्म लामो समय आफ्नो प्लेटफर्ममा राख्नु हो । उनीहरू सूचना पाइरहेका छन् । तर ज्ञान आर्जन गरिरहेका छैनन् । सम्पर्कमा छन् तर गहिरो सम्बन्धबाट टाढिँदै गएका छन् । व्यस्त देखिन्छन् तर उत्पादनशील बन्न सकेका छैनन् । नेपालमा डिजिटल साक्षरताको चर्चा धेरै हुन्छ । डिजिटल अनुशासनको चर्चा कम हुन्छ । मोबाइल किन्न सजिलो छ । त्यसको स्वस्थ प्रयोगको संस्कृति विकास गर्न कठिन छ । अभिभावक र विद्यालयहरूले यो चुनौती महसुस गरिरहेका छन् । तर राज्यले यसलाई नीतिगत प्राथमिकतामा राखेको देखिँदैन ।

**बिदा र सरकार :** दुईदिने बिदाको बहसभन्दा ठूलो प्रश्न आज उब्जिएको छ-सरकार कसका लागि ? राज्यको प्राथमिकता नागरिक हुन् कि कर्मचारीतन्त्र ? यदि नीति निर्माणको केन्द्रमा नागरिक हुन्थे भने दुईदिने बिदा लागू गर्नुअघि अस्पताल, विद्यालय, सार्वजनिक सेवा र अर्थतन्त्रमा पर्ने प्रभावको गहिरो अध्ययन गर्नुपर्थ्यो । स्वास्थ्य सेवा प्रभावित नहुने व्यवस्था सुनिश्चित गरिन्थ्यो । बालबालिकाको बिदा उत्पादनशील बनाउने कार्यक्रम ल्याइन्थ्यो । ग्रामीण नागरिकका लागि सेवा पहुँच थप सहज बनाइन्थ्यो । तर व्यवहार नितान्त फरक भयो । बिदाको घोषणा गरियो, कर्मचारीलाई सुविधा मिल्यो, तर नागरिकका लागि वैकल्पिक व्यवस्था के हो भन्ने प्रश्न अनुत्तरित रह्यो । यसले एउटा गम्भीर प्रवृत्ति उजागर गर्छ । नेपालको शासन प्रणाली क्रमशः नागरिककेन्द्रितभन्दा कर्मचारीकेन्द्रित बन्दै गएको छ । सार्वजनिक प्रशासनको उद्देश्य नागरिकलाई सेवा भए तापनि जब सेवा प्रवाहभन्दा कार्यालयको सुविधा ठूलो विषय बन्छ, त्यहाँ शासनको मूल उद्देश्य नै विचलित हुन्छ ।

**अन्त्यमा :** अब नेपालमा भावनात्मक बहसमा रुमल्लिने समय छैन । तथ्यमा आधारित, नागरिकको अनुभवमा टेकेको र भविष्यप्रति जिम्मेवार नीतिगत पुनर्विचारको समय छ । यदि दुईदिने बिदाका कारण अस्पतालमा बिरामीको चाप बढेको छ भने त्यसको समीक्षा गरिनुपर्छ । यदि बालबालिकाको स्क्रिन समय अनियन्त्रित भएको छ भने त्यसको समाधान खोजिनुपर्छ । यदि ग्रामीण नागरिक सेवाबाट थप टाढिएका छन् भने त्यो खाडल पुरिनुपर्छ । सरकारको काम आफ्नो निर्णयको रक्षा गर्नु मात्र होइन, आवश्यक परे निर्णय सच्याउनु पनि हो । दुईदिने बिदाको सफलता वा असफलताको निर्णय सिंहदरबारको बैठक कोठाले गर्दैन । त्यो निर्णय अस्पतालको लाइनले गर्छ, गाउँबाट काठमाडौं आउने बिरामीको पीडाले गर्छ, मोबाइलमा हराएका बालबालिकाले गर्छन् र आफ्ना छोराछोरीको भविष्यप्रति चिन्तित अभिभावकले गर्छन् । स्वास्थ्य सेवाको पहुँच, शिक्षाको गुणस्तर, बालबालिकाका लागि सिर्जनात्मक अवसर र सार्वजनिक सेवाको प्रभावकारिता नै समृद्ध राष्ट्रका आधार हुन् । राज्यको सफलता कर्मचारीलाई बिदा दिनुमा होइन, नागरिकलाई न्याय दिनुमा हुन्छ । त्यो न्याय अस्पतालको ढोकाबाट, विद्यालयको कक्षाकोठाबाट र गाउँकै सेवा केन्द्रबाट सुरु हुनुपर्छ । लोकतन्त्रमा सरकार जनताप्रति जवाफदेही हुनुपर्छ । यो जवाफदेहिता केवल चुनावका बेला होइन, प्रत्येक नीति निर्माण र कार्यान्वयनमा देखिनुपर्छ । सरकारले दुईदिने बिदाको नीतिको व्यापक र स्वतन्त्र प्रभाव मूल्याङ्कन गराउनुपर्छ । त्यो प्रतिवेदन संसद्मा प्रस्तुत हुनुपर्छ । नागरिक समाज, विज्ञ र सर्वसाधारणले त्यसमाथि खुला बहस गर्न पाउनुपर्छ । नेपाललाई आज थप बिदाभन्दा समयमै उपचार पाउने स्वास्थ्य प्रणाली, गुणस्तरीय शिक्षा, स्वस्थ बाल्यकाल, तथा ग्रामीण नागरिकले आफ्नै क्षेत्रमा सहज रूपमा सेवा पाउने विकेन्द्रित व्यवस्थाको बढी आवश्यकता छ । राज्यको सफलता कर्मचारीलाई आराम दिनुमा होइन, नागरिकलाई सम्मानजनक सेवा दिनुमा निहित हुन्छ । यही नै लोकतान्त्रिक शासनको वास्तविक मापदण्ड हो ।

***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आध्यात्मतर्फ रुचि बढ्नेछ। कार्यक्षेत्रमा गल्तीको विश्लेषण गर्ने समय रहेको छ। | **तुला**: शुभकार्यको चर्चा चल्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृष** : पायक स्थानमा भ्रमणका योग छन्। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **मिथुन** : रचनात्मक कार्यमा सफलता मिल्नेछ। खानपानमा ध्यान पुऱ्याउनुहोला। | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । |
| **कर्कट** : विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ । | **मकर** : प्रगतिमा मन रमाउनेछ । कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| **सिंह** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ । काममा सफलता हात पर्नेछ । |
| **कन्या** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **मीन** : नयाँ कार्यतर्फ समय रहेको छ। जीवनशैलीमा ठूलो परिवर्तन ल्याउन सकिनेछ। |

# साहित्य दर्पण

बालनिबन्ध — कमल रिजाल

## समस्या र समाधान

> *जतिबेला खाना पकाउँदै हुनुहुन्छ त्यतिबेला आगोको रूपमा प्रकट भइदिन्छ । खाना पस्कने बेला डाडु, पन्यौ बनेर आउँछ होला । होइन तपाईँ आधुनिक हुनुहुन्छ, आधुनिकताको हावाले छोएको छ भने काँटाचम्चा चाहिएला ।*

संसारमा समस्या पनि छ र समाधान पनि छ । समस्या र समाधान भएकैले त्यसको साधन पनि छ । समाधान नहुने, गर्न नसकिने समस्या नै हुँदैन । समाधान भएपछि त्यसको साधन नहुने कुरा त झनै भएन । यसको अर्थ हो समस्याभित्रै समाधान पनि छ र समाधानका साधन पनि छ । समस्या जहाँ पनि छ, हुन्छ । तपाईँभित्र पनि छ, अरूहरूभित्र पनि छ । सारमा यति बुझौँ तपाईँ हामी सबैभित्र छ, सबैसित छ । अनि समाधानको सूत्र र साधन पनि तपाईँ हामीभित्रै छ । समस्या एकातिर समाधानका साधन अर्कोतिर भन्ने नै हुँदैन । यो प्राकृतिक न्याय विरुद्धको कुरा हो । यसको अर्थ हो साधन खोज्न कतै जानुपर्दैन, मात्र त्यसलाई खोज्ने र चिन्ने प्रयास गर्नुपर्छ स्वत: देखिन्छ । मानिलिनुस् ऊ तपाईँको बाटो हेरेर बसेको छ, कुरेर बसेको छ तर ढोकामा तपाईँकै अज्ञानताको भोटे ताल्चा झुन्डिएको छ । ताल्चा खोल्नुस् आफैँ हाजिर हुन पुग्छ । साधनको सोझो अर्थ हो औजार वा माध्यम । यस अर्थमा यहाँ साधन भन्नाले समस्या समाधान गर्ने औजार वा माध्यमलाई लिनुपर्ने हुन्छ । जुन साधनबाट, माध्यमबाट समस्या समाधान हुन्छ, गर्न सकिन्छ त्यही नै साधन हो । समाधानको मूल आधार पनि यही हो, मूल पनि यही हो । व्याकरणशास्त्रीहरू यसलाई करण भन्ने गर्छन् । यो भनेको जसद्वारा काम गरिन्छ, काम सम्पन्न हुन्छ त्यही करण हो । यसैलाई बोलीचालीको भाषामा हामी साधन भन्ने गर्छौं । मानिलिनुस् तपाईँ केही लेख्दै हुनुहुन्छ । यतिबेला कलम लेखाइको साधन हो । कुनै काम गर्दै हुनुहुन्छ हात साधन हो । कतै जाँदै हुनुहुन्छ गोडा साधन हो, कुनै भारी बोक्दै हुनुहुन्छ शरीर साधन हो । समस्यामा पनि यही नियम लागू हुन्छ । जसले समस्या समाधान गर्छ यति बेला त्यही समस्या समाधान गर्ने चीज नै साधन बन्न पुगेको हुन्छ । कतिलाई लाग्न सक्छ साधनको कुनै रूप पनि छ कि भन्ने तर त्यस्तो हुँदैन । खासमा साधनको आफ्नै रूप भन्नै नै हुँदैन । यसको यस्तै रूप हुन्छ भन्ने पनि छैन । जतिबेला जस्तो रूपमा प्रकट हुनुपर्छ त्यस्तै रूपमा प्रकट भइदिन्छ । जतिबेला खाना पकाउँदै हुनुहुन्छ त्यतिबेला आगोको रूपमा प्रकट भइदिन्छ । खाना पस्कने बेला डाडु, पन्यौ बनेर आउँछ होला । खाना खानेबेला हात चाहिन्छ होला । होइन तपाईँ आधुनिक हुनुहुन्छ, आधुनिकताको हावाले छोएको छ भने काँटाचम्चा चाहिएला । केही हेर्न खोज्दै हुनुहुन्छ भने आँखा चाहियो । सुन्नका लागि कान छाहियो, सुघ्नका लागि नाक चाहियो, छोइएको अनुभव गर्न छाला चाहियो, खाएको चीजको स्वाद लिन जिभ्रो चाहियो । यस्तोमा तिनै अङ्कहरू नै साधन बन्न पुगिरहेका हुन्छन् । खेती किसानीमा कुट्टो, कोतालो, हलो, जुवा, अन्तत: तपाईँको हात, गोडा, शरीर समग्रमा तपाईँ आफैँ पनि साधन हुन पुग्नुहुन्छ । अन्न उमार्नका लागि हावा, पानी, माटोले साधनको भूमिका निर्वाह गरेका हुन्छन् । साधनको स्थायीरूप नभए पनि तह भने हुन्छ । तपाईँ यसलाई मोटामोटीरूपमा चार किसिमले हेर्न सक्नुहुन्छ । जसको लागि काम गर्नुपर्ने हो, ऊ आफैँ एउटा तह हो । यस अर्थमा तपाईँ जुन समस्या हल गर्न खोज्दै हुनुहुन्छ त्यो समस्या नै साधनको एउटा रूप हो । किनभने समस्या नै समाधानको साधन बनेर आएको हुन्छ । अर्को रूप भनेको समस्या नै हो, उसैबाट निसृत हुन्छ, उसैले नै बोकेर आएको हुन्छ । साधन आफैँ एउटा तह हो भने समाधान र उपलब्धि बाँकी दुई तह हुन् । यी सबै एकअर्कोमा जोडिएका छन्, परस्पर निर्भर भएर रहेका हुन्छन् । मानिलिनुस् तपाईँलाई भोक लाग्यो । यहाँ भोक तपाईँको समस्या हो, भोक समाधान गर्ने चीज साधन हो । भोक समाधान कुन चीजले गर्छ ? अन्न, धन पैसा, रोजगारी यस्तै होइन त ? हो, यी सबै साधन हुन पुगे । भोक समाधान आफैँमा एउटा चरण हो भने खाएर अघाउँदा जुन तृप्ति मिल्छ त्यो अन्तिम चरण हो । आउनुस् यसलाई अन्य उदाहरणबाट थप बुझ्ने प्रयास गरौँ । मानौँ केही गर्न खोज्दैहुनुहुन्छ तर पैसा छैन । यहाँ पैसाको अभाव समस्या भयो । पैसा कमाउने तरिका नोकरी, खेतीकिसानी, व्यपार, सरसापटी, ऐँचोपैँचो साधन भए । पैसा कमाइयो, कुनै तरिकाले पैसा जुट्यो, जुटाइयो यो समाधान हो । पैसा जुटेपछि तपाईँले गर्न खोज्नुभएको काम सम्पन्न भयो, यही नै समाधान हो र काम सम्पन्न हुँदा जुन आनन्द मिल्छ त्यही नै उपलब्धि हो । यति तपाईँ विद्यार्थी हुनुहुन्छ । पाठ्यपुस्तक छैन । यो समस्या हो, पुस्तक साधन हो, पुस्तक प्राप्ति समाधान हो, भने पुस्तक प्राप्त भएपछि तपाईँले पाउने पढ्ने अवसर उपलब्धि हो । यी केही उदाहरण हुन् । खोज्दै जानुभयो, हेर्दै जानुभयो, केलाउँदै जानुभयो भने हरेक क्षेत्रमा यही नियमले काम गरेको पाउनु हुन्छ । सारमा यति बुझौँ समस्या, त्यसको समाधान र साधन हामीभित्रै छ । मात्र खोज्न जान्नुपर्छ स्वत: देखापर्छ । *-रातोपाटी डटकम*

लघुकथा — राजेन्द्र पहाडी

## आसन, भासन र शासन

> *कार्यक्रम सञ्चालकले उपलब्ध गराएको दुई मिनेटको त के कुरा, कम्तीमा २० मिनेटमा उनको भनाई टुङ्गिए ठूलै उपलब्धी हुन्थ्यो । चाकडी चाप्लुसीका अनेकानेक फतुर फुर्कासहितको सम्बोधनमा पाँच मिनेट, कार्यक्रमको ब्यानरतिर फर्केर ब्यानरमा लेखिएको कुरा कनिकुथि उच्चारण गर्दै व्याख्या गर्न र आयोजकले आफूलाई सुरुमा आसन ग्रहण नगराएको र बोल्न पनि समय उपलब्ध नगराएको गुनासोका लागि १० मिनेट र आफूले गरेका कथित सेवाक्षेत्रका काम र आफ्ना बारेमा बखान गर्न कम्तीमा पाँच मिनेट बताउँदा बताउँदै २० मिनेटको समय पनि कम्ति नै हुन्छ । 'बक्ताको रुपमा बोलाएपछि आफ्ना कुरा त राख्न दिनुपर्छ नी, बीचैमा चीट दिने ? सञ्चालकको सभ्यता भएन है ।' उनकै धम्कीपूर्ण अभिव्यक्ति ।*

आसन, भासन र शासन उनको अन्तरफदयदेखिको चाहना हो । उनी जुन जुन कार्यक्रममा पुग्दछन्, आयोजकहरुले आसन ग्रहण गराएकै हुनुपर्दछ । यदि आसन ग्रहण गराउने सम्भावना देखिएन वा गराइएन भने उनले कार्यक्रम सञ्चालकलाई आफूलाई आसन ग्रहण गराउनका लागि चीट नै लेखेर दिन्छन् । यतिमात्र कहाँ हो र नाम मात्रका भएपनि कम्तीमा एक दर्जन पदीय जिम्मेवारीमा रहेको फेहरिस्त पनि सञ्चालकको हातमा पुग्छ । उनलाई सञ्चालकले आसन ग्रहण गराएर मात्र पुग्दैन, उनका सबै पदीय जिम्मेवारी पनि क्रमश: पढिदिनै पर्छ । यदि आसन ग्रहण गराइएन वा दिइएका सबै पद सही सलामत उच्चारण गरेर सुनाइएन भने उनी भन्कँदै सभास्थलबाट बाहिरिन्छन् । (आयोजक आफूलाई सुरक्षित महशुष गर्छ-कुचोले बढार्नुपर्ने हावाले लगिदिएकोमा) ल मानौं, उनले दिएको चीट अनुसार नै सञ्चालकले आसन ग्रहण गराएछन् । अब पालो आयो उनको भाषणको । उनीसँग खास सरोकार नभएको, उनको दक्षताको क्षेत्र नभएको वा उनलाई मन्तव्य राख्न दिने कुनै तयारी नगरिएको कार्यक्रममा पनि उनलाई आयोजकले बोल्न दिनै पर्दछ । नभए कहीँ न कहीँ गएर कार्यक्रम बिथोलिने कुरामा कुनै शंका नै हुँदैन । किनभने कार्यक्रम चलिरहेकै अवस्थामा उनले आफूलाई भाषण गर्न नदिएको बहानामा लफडाबाजी निकालिहाल्छन् । आयोजक बाध्य भएर उनलाई दुई मिनेटभित्र आफ्नो भनाई राख्न अनुरोध गर्दै समय उपलब्ध गराउँछ । (रहरले होइन, कहरले-मूर्खदेखि दैव डराउँछ) जब उनी माइक्रोफोन अघि पुग्छन्, तब सुरु हुन्छ अर्को रमाइलो । कार्यक्रम सञ्चालकले उपलब्ध गराएको दुई मिनेटको त के कुरा, कम्तीमा २० मिनेटमा उनको भनाई टुङ्गिए ठूलै उपलब्धी हुन्थ्यो । चाकडी चाप्लुसीका अनेकानेक फतुर फुर्कासहितको सम्बोधनमा पाँच मिनेट, कार्यक्रमको ब्यानरतिर फर्केर ब्यानरमा लेखिएको कुरा कनिकुथि उच्चारण गर्दै व्याख्या गर्न र आयोजकले आफूलाई सुरुमा आसन ग्रहण नगराएको र बोल्न पनि समय उपलब्ध नगराएको गुनासोका लागि १० मिनेट र आफूले गरेका कथित सेवाक्षेत्रका काम र आफ्ना बारेमा बखान गर्न कम्तीमा पाँच मिनेट बताउँदा बताउँदै २० मिनेटको समय पनि कम्ति नै हुन्छ । सञ्चालकले भनाई टुङ्ग्याउन अनुनयसहितको चीट नथमाएसम्म व्यक्तिगत चर्चाको उत्कर्ष जारी नै रहन्छ । 'बक्ताको रुपमा बोलाएपछि आफ्ना कुरा त राख्न दिनुपर्छ नी, बीचैमा चीट दिने ? सञ्चालकको सभ्यता भएन है ।' उनकै धम्कीपूर्ण अभिव्यक्ति । (जो चोर-उसकै ठूलो श्वर) उनी कसरी अरुमाथि शासन चलाउँछन् भन्ने कुरा त अघिल्ला प्रसङ्गबाट प्रष्ट नै भैसकेको छ । कहिलै कार्यक्रम स्थलमा समयमा पुगेको रेकर्ड नै छैन उनको । आयोजकलाई कार्यक्रम सुरु भएपछि आफूलाई खबर गर्न आदेश फर्माउँछन् । घरका सदस्य वा बाटोमा भेटिने जो कोहीसँग लिफ्ट मागेर ढिलो गरी कार्यक्रममा पुग्छन् । कार्यक्रमस्थलमा पुगेपछिको केही झलक त माथि नै आइसकेको छ । आफू बोलेपछि अरुका विचार सुन्दैनन्, लुसुक्क सभास्थलबाट बाहिरिन्छन् । उनी आफूलाई महान अभियन्ता, राजनीतिज्ञ, पत्रकार, साहित्यकार, समाजसेवी, व्यवसायीसहित यस्तै थुप्रै विशेषण जोडेर दावी प्रस्तुत गर्दछन् । उनको सोचाइमा उनका यी कथित दावीहरुलाई बाँकी दुनियाले निशर्त मानिदिनुपर्दछ । साँझ परेपछि स्थानीय पत्रकारलाई फोन गरेर आजको कार्यक्रममा आफूले बोलेका कुरालाई प्राथमिकता दिएर समाचार बनाउन, प्रकाशन गर्न र प्रशारण गर्नका लागि अनुरोध कम आदेश बढी दिन्छन् । उनको अरुमाथि शासन चलाउने शैली हो यो । आसन, भासन र शासनका लागि आशक्त उनलाई धेरैले चिन्दछन् । (चिन्नेहरुले नामथर थप्न सक्ने सुविधा उपलब्ध गराइएको छ ।) उनी अर्थात् श्रीमती ............ । उनी अर्थात् श्रीमान् ............ । उनी अर्थात् सुश्री .............. । उनी अर्थात् श्री ............. ।

*-साहित्य डटकम*


## इस्मा गाउँपालिकाको अनुरोध

- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

राजन पराजुली — प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर — उपाध्यक्ष
भगतसिहं खड्का — अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी,
लुम्बिनी प्रदेश, नेपाल



## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

युवराज पौडेल — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## मादल बजाउन सिक्दै महिला

मादल बजाउन सिक्दै पाल्पाको तानसेन नगरपालिका- ७ कुन्सरेका महिलाहरु । नव दुर्गा महिला विकास समूहमा आवद्ध महिलाहरुले मौलिक कला संस्कृति संरक्षण गर्ने उद्देश्यले मादल बजाउन सिकेका हुन् । *तस्वीर : प्रदीप खनाल/एनजेडी*

# लागुऔषधको दलदलमा...

...लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार लागुऔषधको घटनामा उमेर समूह विश्लेषणगर्दा विभिन्न जिल्लाबाट लागुऔषधका घटनामा नियन्त्रणमा लिएका एक हजार १८८ मध्ये १६ वर्षदेखि २५ वर्ष उमेर समूहको सङ्ख्या झण्डै ४२.५१ प्रतिशत अर्थात ५०५ जना रहेका छन् । यसबाहेक १६ वर्षमुनि उमेर समूहको सङ्ख्या ४० जना रहेका छन् । यस्तै २६ देखि ३५ वर्ष उमेर समूहको सङ्ख्या ४२२ जना रहेका छन् । प्रहरीको तथ्याङ्कअनुसार ३६ देखि ४५ वर्ष उमेर समूहको सङ्ख्या १७० र ४६ देखि ६० वर्ष उमेर समूहको सङ्ख्या ४५ र ६० देखि माथि उमेर समूहको सङ्ख्या छ जना रहेको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशमा सबैभन्दा बढी गाँजा र चरेको ओसारपसार तथा कारोवार हुने गरेको पाइएको छ । गत वर्षको अवधिमा प्रदेशमा सबैभन्दा बढी ३७१ किलो ३५ ग्राम गाँजा बरामद भएको छ । यसअन्तर्गत सबैभन्दा बढी बाँकेबाट १३० किलो ९२ ग्राम बरामद भेको छ । यस्तै रुपन्देहीका विभिन्न स्थानबाट १०५ किलो ८३ ग्राम गाँजा बरामद भएको छ । यस्तै पश्चिम नवलपरासीबाट ४५ किलो ०५ ग्राम, दाङबाट २५ किलो ४१ ग्राम, कपिलबस्तुबाट ३६ किलो ७० ग्राम र अर्घाखाँचीबाट पाँच किलो २८ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ । यस्तै एक वर्षको अवधिमा २२ किलो ९२ ग्राम चरेस बरामद भएको छ । यस अवधिमा सबैभन्दा बढी चरेस दाङ जिल्लाबाट १४ किलो ५९ ग्राम चरेस बरामद भएको पाइएको छ । यस्तै रोल्पाबाट चार किलो १६ ग्राम, पश्चिम नवलपरासीबाट दुई किलो २३ ग्राम, रुपन्देहीबाट एक किलो ५८ ग्राम चरेस बरामद भएको प्रहरीले जनाएको छ । बर्दियाबाट मात्र अफिमको कारोवारका लागि ओसारपसार हुँदै गरेको २५ किलो ७० ग्राम बरामद भएको छ । यस्तै प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार एक वर्षको अवधिमा बिभिन्न जिल्लाबाट कारोवारका लागि ओसारपसार हुदै गरेको चार हजार सात सय ५९ ग्राम ३७३ मिलीग्राम ब्राउनसुगर बरामद भएको छ । यस अवधिमा सबैभन्दा बढी बाँके जिल्लाबाट २६२३ ग्राम ६०३ मिलीग्राम ब्राउन सुगर प्रहरीले बरामद गरेको छ । यस्तै बर्दिया जिल्लाबाट ७४८ ग्राम ८८३ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ । यस्तै रुपन्देही जिल्लाबाट एक वर्षको अवधिमा ३१९ ग्राम १०२ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ । यस अवधिमा दाङ जिल्लाबाट २६९ ग्राम १६ मिलीग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ । लागु औषधको कारोवारमा यस बाहेर औषधीजन्य लागुऔषधको कारोवार र ओसारपसारका क्रममा प्रहरीले बरामद गरेको परिणामको तथ्याङ्कले डरलाग्दो अवस्था देखाएको छ । यस अवधिमा एक लाख ४ हजार २८२ गोटा औषधीजन्य लागुऔषध प्रहरीले बरामद गरेको छ । यस अनुसार सबैभन्दा बढी पश्चिम नवलपरासीबाट ४७ हजार १८६ गोटा, रुपन्देहीबाट ३० हजार ८३८, बाँके बाट १६ हजार १३३ वटा औषधीजन्य लागुऔषध बरामद भएको छ । प्रमुख प्रहरी नायव महानिरिक्षक भूपेन्द्रबहादुर खत्री लागुऔषधको नियन्त्रणमा नेपाल प्रहरीले जनचेतनामूलक र कारवाहीमूलक हिसावले सञ्चालन गरेका क्रियाकलाप मात्र पर्याप्त नभकाले अव समूदायस्तरमा अभियानकै रुपमा विभिन्न कार्यक्रम लैजानुपर्ने आवश्यकता रहेको बताउन्छन् । अघिल्लो वर्षको तुलनामा लागुऔषधका घटनामा केही कमी देखिए पनि यसलाई सन्तोषजनक रुपमा लिन नसकिने उनको निष्कर्ष छ । “लागुऔषधको कुलतमा अहिलेका युवा पिंढी जसरी फसेका छन्, त्यो नै सबैको चिन्ता र चासोको विषय हो”, उनले भने, “यसलाईसबै सरोकारवाला पक्षले गहिरोसँग बुझेर लामो समयदेखि लागुऔषध न्यूनीकरणका लागि अभियानकै रुपमा लागेका विज्ञ अभियान्ताहरुमार्फत युवाहरुलाई सचेत बनाउने गरी प्रहरीले कार्यक्रम गर्नेछ ।” सिन्थेटिक ड्रग (कृतिम लागुपदार्थ) को नियन्त्रणमा पहाडी जिल्लामा भन्दा तराईका जिल्ला विशेषगरी भारतीय सीमा क्षेत्रमा डरलाग्दो रुपमा फैलिएकाले लागुऔषधको नियन्त्रणमा अझै कडाका साथ लाग्नुपर्ने उनी बताउन्छन् । सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउने, भारतका जिम्मेवार अधिकारीहरुसँग लागुऔषधको अवस्थाका बारेमा छलफल गरेर कडाइ गर्न अनुरोध गर्ने र यसको मुख्य कारोवारीसम्म पुग्नुपर्ने जरुरी रहेको उनको भनाइ छ । लागुऔषध तथा मनोसामाजिक कार्यमा रुपन्देहीमा लामो समयदेखि संस्थागत ढङ्गले काम गर्दै आएको चौतारी नेपाल हेल्थ फाउन्डेशन, अस्पतालका सञ्चालक तथा बरिष्ठ नशा, स्नायु तथा मनोरोग बिशेषज्ञ प्रा.डा. मनोज ढुंगाना पनि लागुऔषधको दुर्व्यसनमा युवा समूहको सङ्ख्या डरलाग्दो अवस्थामा रहेको बताउन्छन् । लागुऔषधको दुर्व्यसनीमा अधिकांश १६ देखि ३० वर्ष उमेर समूहका शहरिया किशोरकिशोरी रहने गरेको उनको भनाइ छ । “आजभोलि गाँजा जहाँसुकै सहजै पाउने र सस्तो पनि हुने भएकाले यसको प्रयोग बढेको छ”, उनले भने, “गाँजा त किराना पसलमा समेत चुरोटमा भरेर राखेर बिक्री गर्छन, कतिपय अवस्थामा औषधिजन्य पदार्थ (कफ सिरप, चक्की) लाई पनि नशाको रूपमा दुरुपयोग गरिएको छ ।”

## खेलकुद समाचार

### टर्कीएसँग हारे पनि अमेरिका समुह डी को विजेता



**काठमाडौं,** असार १२/अमेरिकालाई पराजित गरेपनि टर्कीए विश्वकपबाट बाहिरिएको छ । अन्तिम खेलमा टर्कीले अमेरिकालाई ३-२ गोलअन्तरले पराजित गरेको हो । टर्कीएका लागि अन्तिम इन्जुरी समयको ८ औं मिनेटमा कान आयहानले गोल गर्दै जित दर्ता गरे । अमेरिकाका लागि अस्टिन ट्रस्टीले ३ मिनेटमै गोल गरेका थिए । त्यसपछि १० औं मिनेटमा टर्कीएका अर्दा गुलरले गोल गर्दै खेललाई बराबरीमा ल्याए । यस्तै, ३१ औं मिनेटमा टर्कीएका लागि ओर्कुन कोकुले गोल गर्दै टिमलाई २-१ गोल अन्तरले अग्रता दिलाए । अमेरिकाका लागि ४९ औं मिनेटमा सेबस्टियन बरहाल्टरले बराबरी गोल गरेका हुन् । तर, अन्तिममा टर्कीएले फेरि गोल गरेसँगै अमेरिका पराजित भयो । टर्कीए यसअघि पाराग्वे र अस्ट्रेलियासँग पराजित भएको थियो । हारका बाबजुत पनि सहआयोजक देश अमेरिका समुह ‘डी’ को विजेता बनेको छ । समुह चरणको अन्तिम खेलमा टर्कीएसँग पराजित भएपनि यसअघि दुई खेलमा जित निकालेकाले ६ अंकसहित तालिकामा शीर्ष स्थानमा कायम छ । यस्तै अष्ट्रेलिया र पाराग्वेबीचको खेल गोलरहित बराबरीमा टुंगिएको छ । तालिकामा दोस्रो हुँदै अष्ट्रेलियाले नकआउट यात्रा सुरक्षित गरेको छ भने पाराग्वे पनि नकआउट चरणमा कायमै छ । तालिकामा दुवै टोलीले चार अंक जोडेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### नेप्से झिनो अङ्कले गिरावट



**पाल्पा,** असार १२/धितोपत्र बजारका शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक दुई अङ्कले ओरालो लागेर दुई हजार ६४९ दशमलव ५१ मा पुगेको भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शुन्य दशमलव ५५ अङ्कले ओरालो लागेर ४५७ दशमलव ६८ मा पुगेको भएको छ ।

कूल ३५९ कम्पनीको ७७ लाख २७ हजार ६४९ कित्ता शेयर रु तीन अर्ब ९४ करोड ५८ लाख चार हजार ५५२ मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा ग्लोबल आइएमइ बैंकको डिबेञ्चर २०८६/८७ शीर्ष स्थानमा छ । यस्तै, ग्लोबल आइएमई बैंकको डिवेञ्चर, २०८४/८५,नेपाल बैंकको डिवेञ्चर २०८७, आँखुखोला जलविद्युत् कम्पनी र सिटी होटल शीर्ष स्थानमा छ । नेप्सेका अनुसार, स्नो रिभर फल्स, टक्सार पिलुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, एनएमबी डिवेञ्चर २०८९/९० र एनएमबी डिवेञ्चर -२०९० का लगानीकर्ताले कमाएका छन् । यस्तै, कालिका लघुवित्त,सप्तकोशी डेभलपमेन्ट बैंक,एनआइसी एशिया ऋणपत्र २०८०,सोपान फर्मासिटिकल्स र माईखोला हाइड्रोपावरका लगानीकर्ताले भने गुमाएका छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई